# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह सम्माननीय प्रधानमन्त्रीको भारतको औपचारिक भ्रमणको सिलसिलामा तथा नेपाल–भारत संयुक्त आयोगको बैठकमा भाग लिन नयाँ दिल्लीतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४८।८।१८ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री श्यामप्रसाद अधिकारी फिलिपिन्सको राजधानी मनिलामा हुने कर्मचारी व्यवस्थापनसम्बन्धी गोलमेच बैठकमा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विश्वराज रेग्मीलाई मिति २०४८।८।१६ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणको सिलसिलामा नयाँ दिल्लीतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुरेशमान श्रेष्ठलाई मिति २०४८।८।१८ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ४

जलस्रोत मन्त्रालयका सचिव श्री गौरीनाथ रिमाल उच्चस्तरीय प्रतिनिधि मण्डलसाथ भारतको नयाँ दिल्लीतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजीर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

296

नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विष्णुगोपाल रिसाललाई मिति २०४८।८।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको का.मु.मुख्य सचिव

## सूचना ५

मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिव श्री दामोदरप्रसाद गौतम सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको सिलसिलामा नयाँ दिल्ली तर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजीर नभएसम्मको लागि सो मुख्य सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सचिव श्री मधुसूदनप्रसाद गोर्खालीलाई मिति २०४८।८।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री सच्चिदानन्द श्रीवास्तव थाईल्याण्डको राजधानी बैङ्कमा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम संगठनको नवौं क्षेत्रीय महाधिवेशनमा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगन्नाथ जोशीलाई २०४८।८।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ७

अर्थ मन्त्रालयका सचिव श्री शशिनारायण शाह मिति २०४८।८।१५ देखि १ महिनाको लागि बिरामी बिदामा बस्नु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री नारायणराज तिवारीलाई मिति २०४८।८।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।



२९८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

वाणिज्य मन्त्रालयका कायम मुकायम सचिव श्री दुर्गाप्रसाद पाण्डे सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको सिलसिलामा दिल्लीतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री प्रेमराज गौतमलाई मिति २०४८।८।१८ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
रजनीनाथ प्याकुरेल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले अव्यवस्थित रूपमा बसोबास गरिरहेका मध्ये सही सुकुम्बासी पहिचान गरी तिनलाई योजनाबद्धरूपमा बसोबास गराउन विगत वर्षहरूमा राजनैतिक पीडित, दैवीप्रकोप पीडित आदि जस्ता आधारमा जग्गा उपलब्ध गराई बसोबास गराउने भनी श्री ५ को सरकार (मं.प.) को निर्णय भई कार्यान्वयन गर्न बाँकी रहेका काम सम्पन्न गर्न गराउन केन्द्रीय स्तरमा माननीय आवास तथा भौतिक योजना मन्त्रीको अध्यक्षतामा देहायबमोजिम सुकुम्बासी समस्या समाधान आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार, कार्याविधि तथा सचिवालय रहने स्थान देहायबमोजिम तोकेको छ।

१. आयोगको गठनः–

(१) माननीय आवास तथा भौतिक योजना मन्त्री – अध्यक्ष
(२) माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री – सदस्य
(३) माननीय वन तथा वातावरण मन्त्री ,,
(४) सांसद श्री हरिप्रसाद चौधरी, दाङ ,,
(५) सांसद श्री हरिप्रसाद राय, सप्तरी ,,
(६) सांसद श्री शुशील कोइराला, बाँके ,,
(७) सांसद श्री टेकबहादुर चोख्याल, कैलाली ,,
(८) सचिव, वन तथा वातावरण मन्त्रालय ,,
(९) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ,,
(१०) सचिव, गृह मन्त्रालय ,,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय – सदस्य
(१२) महानिर्देशक, श्री गोकुलराज पाण्डे, वन विभाग "
(१३) सह सचिव, श्री माधवभक्त माथेमा, आवास तथा भौतिक योजना मन्त्रालय "
(१४) श्री गोविन्द रघुवंशी, मालपोत विभाग "
(१५) श्री डम्बरबहादुर स्वांर, अछाम "
(१६) श्री पृथ्वीमान गुरुङ "
(१७) श्री गोपाल राई, दिक्तेल "
(१८) श्री जगन्नाथ पूर्वे, सिरहा "
(१९) श्री श्यामबहादुर के.सी., भक्तपुर "
(२०) श्री जगतमान आङदम्बे, मोरङ "
(२१) श्री दिलबहादुर घर्ती, लमजुङ "
(२२) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य-सचिव

२. आयोगको काम, कर्तव्य र अधिकार :–

(१) माथि उल्लेख भए अनुसार सुकुम्बासी समस्या समाधान गर्ने क्रममा आयोगले श्री ५ को सरकार (मं.प.) को मिति २०४७।१२।१८ को निर्णयद्वारा निर्देशित जग्गाहरू सम्बन्धित निकायबाट प्राप्त गरी ती जग्गाहरू आयोगको निर्णयानुसार वितरण गर्ने ।

(२) सुकुम्बासी र अतिक्रमणकारीहरूको समस्यालाई नमिसाई सही सुकुम्बासी यकीन गरी यस्ता परिवारहरूको मात्र समस्या समाधान गर्ने।

(३) आयोगले आफ्नो कामको सिलसिलामा तोकिएको अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशनको (न्यायपालिका र शाही नेपाली सेना बाहेक) सम्बन्धित क्षेत्रका जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले अविलम्ब कार्यान्वयन गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयबाट त्यस्ता कार्यालयहरूलाई निर्देशन दिने ।

(४) आयोगलाई आफ्नो कार्य सम्पादन गर्न निम्नबमोजिम अधिकार प्राप्त हुनेछः–

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी –



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220

(१) जग्गा नापजाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नापजाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ बमोजिमको अधिकारीका अधिकारहरू ।

(२) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू ।

(३) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०२६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार ।

(४) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र ६ (ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू ।

३. आयोगको कार्यावधि :–

आयोगको कार्यावधि २०४९ साल असार मसान्तसम्म हुनेछ ।

४. आयोगको सचिवालय रहने स्थान :–

आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गत आयोगको एक छुट्टै सचिवालय रहनेछ र आयोगको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी समेत यसै सचिवालयको हुनेछ ।

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको २०४८ साल मंसीर १९ देखि २४ गतेसम्म भएको भारत भ्रमणको बखत श्री ५ को सरकार र भारत सरकारबीच जलस्रोतका सम्बन्धमा भएका समझदारीहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

224

**1. Karnali (Chisapani) Multipurpose Project**

Project parameters based on further study as agreed in the Eight Karnali Committee Meeting shall be completed expeditiously. Proposals in regard to organisations and other matters relating to the project will be made available expeditiously by the Indian side.

**2. Pancheswar Multipurpose Project**

Views of Indian Government on the establishment of Pancheswar Development Authority will be sent soon. A detailed project report for Pancheswar Multipurpose Project shall be prepared jointly by October, 1992. The financing for the project will be provided by India. The basis for financing and sharing of costs and benefits shall be subject to mutual agreement.

**3. Koshi (Bhimnagar Barrage) Project**

All the protection works in the Nepalese territory including safeguarding of erosion in Hanuman Nagar, Jogania areas and their vicinities would be carried out by the Koshi Project in time, as per the Koshi Project Agreement with the necessary cooperation from HMG/N.

**4. Sapta Koshi High Dam Multipurpose Project**

Joint studies/investigations as are necessary to finalise the parameters of the Sapta Koshi High Dam Multipurpose Project will be carried out expeditously. For this purpose, a joint committee of experts shall be constituted to finalise the modalities of the investigations and the method of assessment of benefits. Thereafter, the two sides will start the investigations of the project, with a view to preparing a detailed project report at the earliest.

**5. Burhi Gandaki Project**

A joint team of experts shall conduct field surveys to reach agreement on the parameters of the project as outlined in the prefeasibility study completed by HMG/N. These field surveys shall be completed by June, 1992. Modalities of financing the project will be worked out jointly pari passu. The detailed project report should be prepared so that construction can start by 1994.



322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**6. Kamala and Bagmati Schemes**

Nepal will carry out the needed investigations and prepare the Feasibility Report by 1993. The possibility of financing of the studies by India will be considered.

**7. Flood Forecasting and Warning System**

The implementation of this system took sometime. Every effort needed to make the scheme fully operational from the monsoon season of 1992 will be done. Necessary arrangements will be made for continuous and effective functioning of the system, enabling improved monitoring of the flood situation on a continuing basis.

**8. Flood Protection Embankments**

The joint team of experts set up to finalise the schemes for flood protection embankments along the rivers Kamala, Bagmati, Lal Bakaiya and Khando would complete its work expeditiously and recommend cost effective proposals for immediate implementation, starting work in November 1991 with financial assistance from India.

**9. Power Exchange**

(a) 50 MW of power will be supplied to Nepal under the existing power exchange programme as already agreed to:

(b) A Power Exchange Committee will be constituted. Quantum of power exchange will be increased depending upon availability in India or Nepal; and

(c) Necessary transmission inter-connection works would be provided.

**10. Tanakpur Barrage Project**

(i) The site at Mahendranagar municipal area in the Jimuwa village will be made available for tying up of the Left Afflux Bund, about 577 metres in length (with an area of about 2.9 hectares) to the high ground in the Nepalese side at El. 250. The availability of land for construction of bund will be effected in such a way by HMG/N that the work could start by 15th of December, 1991;



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ii) India will construct a head regulator of 1000 cusecs capacity near the left undersluice of the Tanakpur Barrage, as also the portion of canal upto Nepal-India border for supply of upto 150 cusecs of water to irrigate between 4000-5000 hectares of land on Nepalese side. The releases from head regulator will be increased as and when substantial upstream storage at Pancheswar, or similar, is developed on the Mahakali River; and

(iii) In response to a request from Nepalese side, as a goodwill gesture, the Indian side agreed to provide initially 10 MW of energy annually free of cost to Nepal in spite of the fact that this will add to a further loss in the availability of power to India from Tanakpur power Station.

It was agreed that investigations of the road connecting the Tanakpur Barrage to the East-West Highway at Mahendranagar would be undertaken by the Government of India.

आज्ञाले,
गौरीनाथ रिमाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।६।२१ को निर्णयानुसार कृषि विभागका प्रमुख लेखा नियन्त्रक लेखा समूह (रा.प. द्वितीय श्रेणी उप-सचिवस्तर) श्री नारायण प्रसाद भट्टराईलाई सोही सेवा, समूहको राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तरको पदमा बढुवा गरी महालेखा नियन्त्रक कार्यालयमा पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
328